



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत १४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 28 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०९

## बीच सडकमा गाडियो खम्बा, पिचको काम अवरुद्ध

प्रस, वीरगंज, १३ चैत/

पर्सा जिल्लाको मध्यमा पर्ने पोखरिया नगरपालिकामा नयाँ किसिमको विकासको मोडेल देखिएको छ। पोखरिया नगरपालिकाका प्रमुख दीपनारायणप्रसाद रौनियारकै सक्रियतामा पोखरिया–लङ्गडी सडकखण्डको वसन्तपुर टोलमा बीच सडकमैं बाँसको खम्बा गाडेर सडक कालोपत्र गर्ने योजनालाई ठप्प पारिएको छ।


विवादबारे बताउँदै जग्गाधनीका छोरा नरेश यादव। तस्वीरः प्रतीक

सडकमा करीब १३ फिट निजी जग्गा परेको भन्दै वसन्तपुरका कपिलराउत अहिरले विगत आठ महीनादेखि उक्त सडकखण्डमा खम्बा गाडेर बाँसको टाटी लगाएका छन्। जग्गा कब्जा गर्नको लागि यस्तो गरिएको उनले बताए।

पोखरिया नपा–३ वसन्तपुरका वडाध्यक्ष अजय कुमारले सडकमा निजी जग्गा परेकोले जग्गाधनीले सडक कब्जा गरेर खम्बा गाडेको बताउँदै उक्त समस्या समाधानको लागि सरोकारवाला निकाय गम्भीर हुनुपर्ने बताए। उनले जग्गाधनीले तीन दशकभन्दा अगाडिदेखि पोखरिया–लङ्गडी सडकमा कुनै विवाद सिर्जना नगरेको तर अहिले एक्कासि आएर नक्शा अनुसार सडकमा जग्गा भएको भनिरहेको बताए।

यस विषयमा सम्बन्धित निकाय मधेस प्रदेश सरकार मातहतको वीरगंजस्थित भौतिक पूर्वाधार विकास कार्यालय, पोखरिया नपा, ठेकेदार र गाउँलेबीच पटक–पटक छलफल हुँदा पनि समस्या समाधान भएको छैन। बीच सडकमैं खम्बा गाडिएपछि पोखरिया, लङ्गडी, भलुवाही, मिर्जापुर तथा भिस्वा भएर आउजाउ गर्ने सवारीसाधनलाई समस्या भइरहेको छ।

उक्त सडक भएर आउने बस, ट्रक, टचाक्टरलगायत सवारीसाधनलाई वसन्तपुरस्थित साँघुरो बाटो पार गर्न कठिन भइरहेको छ। भौतिक पूर्वाधार विकास कार्यालयले पोखरिया, भलुवाही, मिर्जापुरसम्म १२ किलोमिटर सडक कालोपत्र गर्न रु १४ करोड २९ लाखमा रोशन, रञ्जन, समा जेभीलाई ठेक्का दिएको छ भने सबैठवा, भिस्वा, जयमङ्गलापुर, सम्भौता, मिर्जापुर सडकखण्डको लागि रु १८ करोड ११ लाखमा सोही जेभी कम्पनीले ठेक्का पाएको ठेकेदार कम्पनीका सुरेश सहनीले बताए।

कालोपत्र काम ८० प्रतिशत सम्पन्न भए तापनि अहिले काम सुस्त गतिमा भइरहेको छ। बीच सडकमैं खम्बा गाडिएपछि काममा अवरोध सिर्जना भएको ठेकेदार पक्षको भनाइ छ।

## यातायात सवारीद्वारा एक अर्ब छ करोड राजस्व सङ्कलन

प्रस, परवानीपुर, १२ चैत/

मधेस प्रदेश मातहतको यातायात व्यवस्था कार्यालय, सवारी शाखा वीरगंजले आठ महीनामा एक अर्ब छ करोड राजस्व सङ्कलन गरेको छ।


तस्वीरः फाइल

चालू आवको गत साउनदेखि फागुन मसान्तसम्म आठ महीनाको अवधिमा कार्यालयले एक अर्ब छ करोड ५१ लाख ३४ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालय प्रमुख कुशेश्वर साहका अनुसार यातायात क्षेत्रको आम्दानी ५५ हजार, प्रशासनिक दण्ड जरिवाना र जफतबाट २६ हजार, सवारीसाधन करबाट ८८ करोड ७० लाख २२ हजार र चालक अनुमतिपत्र सवारी दर्ता किताबसम्बन्धी दस्तुरबापत १२ करोड ६६ लाख ५५ हजार गरी कुल एक अर्ब छ करोड ९१ लाख ३४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको हो।

त्यसैगरी, गत फागुनमा यातायात क्षेत्रको आम्दानी शीर्षकमा ७३ लाख २० हजार, सवारीसाधन कर पाँच करोड ५९ लाख ७५ हजार, चालक अनुमतिपत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुरबापत एक करोड ३९ लाख चार हजार गरी कुल नौ करोड ७२ लाख रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

त्यसैगरी, गत माघसम्म सो कार्यालयले रु ९७ करोड १९ लाख ३४ हजार राजस्व सङ्कलन गरेको थियो। जसमा यातायात क्षेत्रको आम्दानी चार करोड ८१ लाख १० हजार, प्रशासनिक दण्ड जरिवाना, जफतबाट २६ हजार, सवारीसाधन करबापत ८१ करोड १० लाख ४६ हजार र चालक अनुमतिपत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुरबाट ११ करोड २७ लाख ५० हजार गरी कुल ९७ करोड १९ लाख ३४ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

त्यसैगरी, गत आव २०७७/७८ मा ८३ करोड ७३ लाख ४७ हजार मात्र राजस्व सङ्कलन भएको थियो। गत आवमा करीब चार महीना कोरोना महामारीको कारण कार्यालयको काम प्रभावित हुँदा राजस्वमा कमी आएको थियो।

गत वर्षको १२ महीनामा कार्यालयले सङ्कलन गरेको कुल राजस्वमा यातायात क्षेत्रको आम्दानीबाट चार करोड ६७ लाख ५८ हजार, प्रशासनिक दण्ड जरिवानाबाट ५० हजार, सवारीसाधन करबाट ५९ करोड २५ लाख ८९ हजार र चालक अनुमतिपत्र, सवारी दर्ता किताबबाट ९ करोड ७९ लाख ४८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

## भिस्वाबाट फेरि तस्करी शुरू

प्रस, भिस्वा, १३चैत/

भिस्वाबाट फेरि परम्परागतरूपमा तस्करी शुरू भएको छ। यस अघि सशस्त्र प्रहरी निरीक्षक कृष्ण पौडेलले यहाँबाट भइरहेको परम्परागत तस्करीलाई बन्द गराएका थिए। उनीविरुद्ध नै स्थानीय तस्करहरूले षड्यन्त्र रचेका थिए र उनको सरुवा भएपछि अहिले पुनः पुरानै शैलीमा तस्करी शुरू भएको छ।


भिस्वा नाकाबाट पोके तस्करी हुँदै। तस्वीरः प्रतीक

अहिले सशस्त्रमा राजेश्वरसाह तेली र नेपाल प्रहरीमा जीवन सुवेदी भिस्वाका इन्चार्ज छन्। उनीहरूकै नाकमुनिबाट तस्करी भइरहेकोले प्रहरी संलग्नता पुष्टि हुन्छ।

दिनहुँ अहिले भारतबाट हार्डवेयर, बिजुली, खाद्यान्न, लत्ताकपडालगायत अन्य सामग्री साइकल, मोटरसाइकलबाट तथा पैदल भरियाहरूले ओसार्ने गर्छन् र प्रहरी त्यसको साक्षी बनेको छ।

नेपालतर्फ सशस्त्र र जनपद प्रहरीले दैनिक रकम सङ्कलन गरिरहेका छन्। भारततर्फ एसएसबीका जवानले पनि रकम सङ्कलन गरिरहेका छन्। दुवैतर्फको मिलेमतोमा अहिले तस्करी बेरोकटोक भइरहेको छ।

नेपालबाट कस्मेटिक, मरिच, इलाइची, छोहोडालगायत सामान भारत पुऱ्याइन्छ।

भिस्वा बजार समितिको टचाक्टरमा वीरगंजबाट खुद्रा सामान ल्याउने र अनुकूल समयमा भारत पठाउने गरिन्छ। बजार समितिले स्थानीय व्यापारीहरूको मालसामान वीरगंजबाट खुद्रा ल्याउने र पसललाई दिने परम्परा रहे पनि सोही आडमा भारत पुऱ्याउने सामानहरू ल्याउने गरिएको पाइएको छ।

भारततर्फ सिकटामा छोटी भन्सार छ र त्यहाँ कर्मचारी छन्। नेपालतर्फ भिस्वामा पनि छोटी भन्सार कार्यालय छ तर त्यहाँ कर्मचारी छैनन्। भन्सार महसूल तिरेर मालवस्तु भित्र्याउने परम्परा उहिले पनि थिएन र अहिले पनि छैन। नामको लागि मात्र छोटी भन्सार कार्यालय स्थापना गरिएको छ।

## निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अन्तर्क्रिया

प्रस, रौतहट, १३ चैत/

निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका विषयक अन्तर्क्रिया आइतवार सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

कार्यक्रममा रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले चुनावमा धाँधली भए चुनाव रद्द हुने बताए। उनले भयरहित मतदानको व्यवस्था मिलाउन हरसम्भव प्रयास गरिने बताए। मतदानस्थललाई संवेदनशील र अति संवेदनशील मानी पूर्वतयारीमा रही शान्तिपूर्ण निर्वाचन गराउन सबैलाई सहयोग र पहल गर्न आग्रह गरे।

निर्वाचन आयोग र नेपाल कानून समाजको आयोजनामा भएको कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सहसचिव विष्णुदत्त गौतमले आचारसंहितामा कार्यपत्र प्रस्तुत गरेका थिए।

नेपाल कानून समाजका माधव पौडेलले आचारसंहिता उल्लङ्घन गरेको खण्डमा दण्ड, सजाय तथा उम्मेदवारले निर्वाचनमा खर्च गर्न पाउने रकमका बारेका कार्यपत्र प्रस्तुत गरेका थिए।

अधिवक्ता सरस्वती श्रेष्ठले नेपाल कानून समाजको उद्देश्यबारे जानकारी गराएकी थिइन्। कार्यक्रममा रेवन्त झा, बिन्दा सहनी, ज्येष्ठ नागरिक विजयकिशोर झा, पत्रकार प्रभात झा, प्रवीण टिग्वाल, अभिमन्यु पटेल, यमुनामाई गाउँपालिकाका अध्यक्ष प्रकाश मुखिया, गौर नगरपालिकाकी उपप्रमुख

(बाँकी पाँचौं पातामा)

## नागरिकताविहीन युवाद्वारा जिप्रकामा धर्ना, घण्टाघरमा विरोधसभा

प्रस, वीरगंज, १३ चैत/

नागरिकताविहीन युवाहरूको समूहले आइतवार जिल्ला प्रशासन कार्यालय, पर्सामा धर्ना दिंदै ज्ञापनपत्र बुझाएको छ।

जन्मसिद्ध नागरिकता पाएका व्यक्तिहरूका सन्तानले वंशज नागरिकता वा आमाको नामबाट नागरिकता दिनुपर्ने मागसहित सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई समूहका केन्द्रीय अध्यक्ष इन्द्रजीत सर्राफले ज्ञापनपत्र बुझाएका थिए।

२०६३ सालमा पिताले नागरिकता पाए पनि निजका छोराहरूले नागरिकता नपाएको भन्दै तत्काल नागरिकता विधेयक पारित गरी संविधान संशोधन गर्नुपर्ने उनीहरूको माग थियो। कि त आफूहरूलाई देश निकाला गरियोस् अथवा नागरिकता देओस्, बुबाआमा नेपाली भएपनि छोराहरू कसरी गैरनागरिक हुन्छन्, पढेलेखेर पनि गैरनागरिक हुनुपरेकोलगायतका दुःखेसो पोखेका थिए।



तस्वीरः प्रतीक

ज्ञापनपत्र बुझाएपछि समूहले वीरगंजको घण्टाघरमा विरोधसभा गरेको थियो। विरोधसभामा सहभागीहरूले स्थानीय प्रशासन र दलका नेताहरूको आलोचना गरेका थिए।

## विचारसार र सूक्तिहरू

सबै साना, ठूला बन्न सक्दैनन्, सबै गरीब धनी बन्न सक्दैनन्। तर सबै सादगीयुक्त बन्न सक्छन् र यसरी सबै एक हुन्छन् र रामराज्यको कल्पना साकार हुन्छ– महात्मा गाँधी

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# योग्य उम्मेदवार

धेरै ठाउँबाट, प्राय: सबैले योग्य उम्मेदवारलाई भोट दिन सुझाउ दिन्छन् । योग्य उम्मेदवार जित्यो भने उसले जनहितको काम गर्छ । तर योग्य उम्मेदवार को हो, कसरी थाहा पाउने कुनै उम्मेदवारविशेष योग्य हो कि होइन ? उम्मेदवार योग्य नलागेमा के गर्ने ? मतदाता भोट दिन जान्छ तर प्राय:ले अरूभन्दा यो असल भनेर मात्र ठम्याएको पाइन्छ । यो समग्रमा असल हो भनेर भोट दिएको पाइन्न । देशमा बहुदलीय निर्वाचन हुने हुँदा, दलकै नाम र अस्तित्वको लागि पनि योग्य–अयोग्य जे भए पनि उम्मेदवार दिइन्छ । कतिपय बेला योग्य र कर्मठ कार्यकर्ता छटनीमा पर्छ, किनकि ऊसँग चुनाउ जित्न सक्नेजति रकम हुँदैन । कतिपय ठाउँमा निर्वाचनविशेष क्षेत्रमा कुन जातिको भोट बढी छ र त्यहाँका मतदाता जातीयताप्रति कति समर्पित छ, त्यस आधारमा अयोग्यलाई उम्मेदवार बनाइन्छ । मतदाताको माग योग्य उम्मेदवार हुन्छ भने राजनीतिक दलको आकाङ्क्षा जित्ने उम्मेदवार हुन्छ । जित्ने उम्मेदवार असल नहुन सक्छ । यस कारण मतदाता (जनता) र राजनीतिक दलहरूको चाहना नै विपरीत हुन जान्छ । यस्तोमा योग्य उम्मेदवारको चयन कसरी हुने ?

हाम्रो निर्वाचनको बाध्यता के छ भने मानिस चुनिएपछि उसले गर्ने कामबाट ऊ असल कि कमसल भन्ने छुट्टिन्छ । मतदाताले पहिले नै थाहा हुनेगरी प्राय: थोरै मात्र उम्मेदवार निर्वाचन दङ्गलमा आएका हुन्छन् । हामीकहाँ राष्ट्रिय र स्थानीय दर्जाका सयभन्दा बढी राजनीतिक दलहरू छन् । तीमध्ये नेपाली काङ्ग्रेस मात्र एक्लो पार्टी छ, जसले एक नाममा उम्मेदवार खडा गर्ने हैसियत राख्दछ । वामपन्थी दलहरू विभिन्न टुक्रामा विभाजित भएकाले कुन चाहिं वामपन्थी उम्मेदवारले वाम रुझान भएको मतदाताको प्रतिनिधित्व गर्छ, निर्क्योल गर्नै गाह्रो छ । यीबाहेक राप्रपा तेस्रो राजनीतिक धारको पार्टी हो, जसले निरन्तर ३० भन्दा बढी वर्षदेखि सङ्गठन चलाइरहेको छ । यसबाहेक अन्य दलहरू मौसमको अनुकूलतामा फस्टाएका हुन् । मधेस आन्दोलनबाट जन्मेको मधेस पार्टी कोमामा पुगिसकेको छ, तर सोही विचारधारालाई अङ्गालेका केही थान मधेसवादी पार्टीहरू छन्, यिनले सङ्गठनात्मक काम गर्नै पाएका छैनन्, तसर्थ यिनका योग्य उम्मेदवार को भन्ने खुटयाउन मतदाता त के स्वयं पार्टी नै धरमरमा पर्ने अवस्था छ । यस्तोमा जो दबङ्ग देखिन्छ, जोसँग जातीय भोट बैंक छ, जसले केही भोट पैसाको भरमा तान्न सक्छ, अर्थात् जो जसरी पनि जित्न सक्छ, पार्टीले उसैलाई उम्मेदवार बनाउँछ । अनि कसरी कसैले पूर्वानुमान गर्ने, को योग्य छ र को अयोग्य ?

यसको एउटै विकल्प छ, नो भोटको प्रावधान । मतदाताले जसलाई मन पराउँछ, जो असल छ, उसलाई त भोट दिन्छ नै, तर असल र मनपायक उम्मेदवार छैन भने खराबमा 'कम खराब'लाई छान्नुपर्ने बाध्यता आउँछ। मतदाताको यो बाध्यता हटाउनुपर्छ । संविधानले मतदाता (जनता) लाई सार्वभौम मानेको छ। सार्वभौम भनेको एउटा भूगोलभित्रको सबै, जसको हो । तर संविधान जनतालाई सार्वभौम बनाउने भूमिकामा चुकेको छ । सार्वभौमनिहित जनता (मतदाता) ले एउटा पार्टीले दिएको उम्मेदवारलाई विवशतावश भोट दिनुपर्ने किन ? उसले त पार्टीलाई निर्देशित गर्न पाउनुपर्छ मलाई फलानो उम्मेदवार चाहियो, अन्यथा तिमीले दिएको उम्मेदवारलाई नकारात्मक भोट दिन्छु । त्यो नकारात्मक भोट दिने हैसियत जनतामा हुनुपऱ्यो।

# परीक्षाको तयारी कसरी गर्ने ?

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**समय छँदै प्रारम्भ गरिएको काम, परिश्रम, लगन र आत्मविश्वासले अवश्य नै सफलता दिलाउँछ । विद्यार्थीहरूले परीक्षाको दिन समयमा सन्तुलित आहार, उचित निद्रा, व्यायाम गरी परीक्षा दिन बस्ने हो भने सजिलै राम्रो ग्रेड हासिल हुने कुरामा कुनै शङ्का रहन्न ।**

विद्यार्थीहरूले हालसम्म सिकेका कुराहरू र सम्बन्धित विषयमा उनीहरूको ज्ञानको मूल्याङ्कन गर्न परीक्षा आयोजन गरिन्छ । हाम्रो देशमा परीक्षाबाहेक विद्यार्थीहरूको क्षमता मूल्याङ्कन गर्ने अर्को कुनै साधन प्रयोग गरिंदैन । विडम्बना के छ भने परीक्षाको नामले नै उनीहरूको कलिलो मनभित्र एउटा भय उत्पन्न हुन्छ, जसले परीक्षाको तयारी गर्न मनलाई एकाग्रचित्त हुन दिंदैन । हिजोआज के देखिएको छ भने परीक्षा आउनुपूर्व नै विद्यार्थीहरू निराश हुन थाल्छन् । परीक्षामा असफल हुने भय निरन्तर विद्यार्थीहरूको मनमा रहन्छ । परिणामस्वरूप उनीहरू सही ढङ्गले तयारी गर्दैनन् । प्रस्तुत आलेखमा परीक्षाको लागि कसरी राम्ररी तयारी गर्ने भन्ने कुरा विस्तारपूर्वक बताइएको छ जो विद्यार्थीहरूका लागि शतप्रतिशत उपयोगी र सहयोगी साबित हुनेछ ।

विद्यार्थीहरूको जीवन सङ्घर्ष र चुनौतीले भरिएको हुन्छ । उनीहरूको मनमा परीक्षाको भय सँगसँगै परीक्षा पास गर्ने डर पनि भरिएको हुन्छ । परीक्षा कसरी पास गर्ने, कसरी विभिन्न विषयमा राम्रो ग्रेड हासिल गर्ने, कक्षामा पहिलो स्थान कसरी प्राप्त गर्नेजस्ता प्रश्न सधैं विद्यार्थीहरूको मनमा उठिरहन्छ । यी सबै प्रश्नहरूको एउटै जवाफ छ– "परीक्षाको राम्रो तयारी ।"

उसो त परीक्षाको नाम सुन्नासाथ विद्यार्थीहरूको मनमा भय उत्पन्न हुन्छ। परीक्षा परिणाममा सबैभन्दा अग्रपङ्क्तिमा आउनको लागि उसले कसरी तयारी गर्ने ? यस्ता धेरै कुराले विद्यार्थीहरूको मनमा तनाव र अवसाद पैदा गर्छ । विद्यार्थी सँगसँगै उनको परिवार पनि त्यत्तिकै चिन्तित र परेशान हुन्छ । परीक्षा विद्यार्थीका लागि एक प्रकारले कठिन समय हो । यसखाले समस्याबाट छुटकारा पाउन विद्यार्थीहरूले आफ्नो पाठ्यक्रम र हरेक विषयमा राम्ररी ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ। जुन विद्यार्थीले कक्षामा पढाइएका पाठहरूको निरन्तर अभ्यास गर्छ उसका लागि यस प्रकारको समस्या अलि न्यून हुन्छ तर अन्य विद्यार्थीले पनि भयभीत नभई परीक्षाको तयारीमा जुट्नुपर्छ ।

कक्षामा शिक्षकहरूद्वारा विभिन्न विषयबारे विद्यार्थीहरूलाई विस्तृत जानकारी गराइएको हुन्छ। विद्यार्थीहरूले कति ज्ञान हासिल गरे सोबारे उनीहरूको मूल्याङ्कनका लागि लिखित, प्रायोगिक र मौखिक माध्यम प्रयोग गरिन्छ जसलाई हामी परीक्षा भन्छौं । यस माध्यमबाट नै शिक्षकहरूलाई विद्यार्थीहरूको बौद्धिक क्षमताको जानकारी प्राप्त हुन्छ । सामान्यतया हाम्रो देशमा सत्र–अन्त्य अर्थात् चैत महीनामा वार्षिक परीक्षा लिने चलन छ, तर यस वर्ष स्थानीय चुनावले गर्दा यो वैशाख महीनामा सञ्चालन हुनेछ। तर कक्षागतरूपमा यस्तो परीक्षा साप्ताहिक, मासिक, त्रैमासिक वा चौमासिक लिने पनि चलन छ।

वार्षिक परीक्षा घोषणा हुनासाथ विद्यार्थीहरू त्यसको तयारीमा संलग्न हुन्छन्। नोट्स तयार गर्ने, अध्ययन सामग्री थुपार्नेजस्ता तयारी विद्यार्थीहरूले पहिलेदेखि नै प्रारम्भ गर्छन्। यसले गर्दा नै उनीहरू अलि तनाव र चिन्तामा हुन्छन्। आमाबुवा पनि छोराछोरी सँगसँगै चिन्तित र परेशान रहन्छन् । उनीहरू आफ्नो सन्तानको मार्गदर्शन, समर्थन र उनीहरूको आत्मविश्वास बढाइरहन्छन् । कुनै पनि विद्यार्थीको लागि परीक्षा त्यो स्थल हो जहाँबाट उनीहरूको भविष्य निर्माण र निर्धारित हुन्छ किनभने परीक्षाको परिणामले नै विद्यार्थीहरूको भविष्य सपार्छ र जीवनलाई एउटा लक्ष्य प्रदान गर्दछ ।

हाम्रो देशमा परीक्षा प्राय: तीन प्रकारले आयोजित गरिन्छ – मौखिक परीक्षा, लिखित परीक्षा र प्रायोगिक परीक्षा । मौखिक परीक्षामा परीक्षार्थीहरूको क्षमता मूल्याङ्कन थोरै समयमा गरिन्छ। यस प्रकारको परीक्षामा विद्यार्थीहरूले प्रश्नको जवाफ तुरून्त दिनुपर्ने हुन्छ। लिखित परीक्षाको माध्यमले विद्यार्थीहरूको लेख्ने क्षमता, शब्द प्रयोग र उनीहरूले गर्ने त्रुटिहरूको मूल्याङ्कन गरिन्छ भने प्रायोगिक परीक्षामा दिइएको विषयलाई प्रयोगको रूपमा गरेर देखाउनुपर्ने हुन्छ ।

परीक्षाको मिति नजीकिंदा विद्यार्थीहरूमा तनाव, भ्रम र नकारात्मकता जन्मन थाल्छ । जसैजसै परीक्षाको मिति नजीक आउन थाल्छ विद्यार्थीहरूको कठिनाई पनि बढ्दै जान्छ। यस समय विद्यार्थीहरूले के निश्चित गर्न सक्दैनन् भने परीक्षाको तयारी कसरी र कहाँबाट शुरू गर्ने ? विद्यार्थीहरूमाथि परीक्षामा उत्कृष्ट ठाउँ ओगट्ने र राम्रो ग्रेड ल्याउने दबाब पनि हुन्छ। यस दबाबले गर्दा उनीहरू सही र राम्रो तरीकाले तयारी गर्न पाउँदैनन् र परीक्षामा राम्रो ग्रेड पाउँदैनन्। एउटा होनहार विद्यार्थीमा पनि यो कुरा देख्न सकिन्छ, जसले गर्दा उसले पनि परीक्षामा औसत ग्रेड मात्र हासिल गर्छ ।

विद्यार्थीहरूले व्यर्थको चिन्ता, तनाव र बेचैनी त्यागेर परीक्षाको तयारी गर्नुपर्छ। तनावमुक्त भई राम्ररी तयारी गर्ने विभिन्न तरीका छन्। जस्तै परीक्षाको तयारी पहिलेदेखि नै प्रारम्भ गर्नुपर्छ र विषयगत पाठ्यक्रमको आधारमा तयारी गर्दा बढी बेस हुनेछ। परीक्षाको तयारी गर्न बस्नुपूर्व नै अध्ययन सामग्री र नोट्स आदि सङ्ग्रह गरेर राख्नुपर्छ । समयतालिका बनाई पढाइ गर्नुपर्छ । सकारात्मक सोच र अनुशासनको पालना इमानदारी साथ गर्नुपर्छ । यसबाहेक सन्तुलित खाजा र खाना खानुको साथै पर्याप्त निद्रा लिनुपर्छ । केही समय व्यायामको लागि पनि निकाल्नुपर्छ । समयानुसार पढाइबाट ब्रेक पनि लिनुपर्छ। ब्रेकको बेला मस्तिष्कलाई शान्त र खुशी पार्न केही बेर मनोरञ्जन पनि गर्नुपर्छ। यसका साथै सफल हुने विश्वासका साथ पढाइ गर्दा आत्मविश्वास पनि बलियो हुन्छ ।

परीक्षाको मिति निर्धारित भएपछि विद्यार्थी हमेशा तनावग्रस्त र चिन्तित रहन्छन्। विद्यार्थीहरूले आफ्नो मनलाई शान्त राख्ने प्रयास गर्नुपर्छ। पढाइमाथि पूर्ण फोकस गर्नुपर्छ। परीक्षाको तयारी गर्दा विद्यार्थीहरूले केही विशेष कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

**१) समय तालिका अनुसार पढाइको लागि समय निर्धारण**

धेरैजसो विद्यार्थी समयतालिकाबेगर परीक्षाको तयारी गर्छन् भने केही मात्र समयतालिका अनुसार अध्ययन गर्छन् । यहाँनिर विद्यार्थीहरूले ध्यान दिनुपर्ने कुरो के हो भने हरेक विद्यार्थीले बेग्लाबेग्लै विषय पढ्न एउटा समयतालिका अवश्य निर्माण गर्नुपर्छ र सोही अनुसार पढाइ गर्नुपर्छ। सँगसँगै बेलाबेला ब्रेक लिनु पनि आवश्यक हुन्छ । समयतालिका सँगसँगै विद्यार्थीहरूले पढाइको लागि निश्चित समय पनि निर्धारण गर्नुपर्छ। विज्ञहरूको भनाइ अनुसार बिहान कुनै पनि कुरा याद गर्ने उपयुक्त समय हो र सन्ध्याको समय त्यसको अभ्यास गर्दा बढी फाइदा हुन्छ । यसरी पढाइ गर्दा दीर्घकालसम्म स्मरणमा रहिरहन्छ ।

**२) सोसल मिडिया र टेलिभिजनबाट टाढा रहने**

विद्यार्थीहरूले के कुरा विशेषरूपले ध्यानमा राख्नुपर्ने हुन्छ भने जबसम्म परीक्षा समाप्त हुँदैन, दिमागमा व्यर्थको कुरा पस्न नदिन सोसल मिडिया र टेलिभिजनबाट टाढा बस्नुपर्छ। यसो यस कारणले भनिएको हो किनभने फ्रेश माइन्डले पढेको कुरो लामो समयसम्म याद राख्छ र समयको सदुपयोग पनि हुन्छ ।

**३) स्वयंलाई स्वस्थ र मस्तिष्कलाई सकारात्मक राख्नुपर्छ**

परीक्षाको मौसममा विद्यार्थीहरू चिन्ता र तनावले गर्दा समयमा खाना खाँदैनन् र बिरामी पर्छन् । यस कारण विद्यार्थीहरूले परीक्षाको मौसम प्रारम्भ हुनासाथ समयमैं खाना खानुपर्छ र व्यायाम पनि गर्नुपर्छ । विद्यार्थीहरूले के बिर्सनुहुन्न भने परीक्षा महत्त्वपूर्ण अवश्य छ तर जीवनभन्दा बढी महत्त्वपूर्ण छैन। यो पढाइको एउटा हिस्सा मात्र हो । विद्यार्थीहरू परिश्रम र लगनका साथ पढ्दा अवश्य नै सफल हुन्छन् किनभने हरेक विद्यार्थी योग्य हुन्छन्। आवश्यकता मात्र ध्यान दिएर पढ्नु हो ।

**४) बाँकी रहेको दिनमा परीक्षाको तयारी कसरी गर्ने ?**

धेरैजसो विद्यार्थीको चिन्ताको विषय के हो भने हालसम्म उनीहरूले केही पढेका छैनन् र अब उनीहरूले के गर्ने ? विद्यार्थीहरू यो कुरा सोचेर डराउने वा परेशान हुने कुनै आवश्यकता छैन । उनीहरूले मात्र आफूलाई शान्त राखेर आफूले गरेको परिश्रम र स्वयंमाथि सफल हुने विश्वास गरेर पढाइमा जुट्नुपर्छ । पढाइको लागि चाहिने सबै आवश्यक कुरा जम्मा गर्नुपर्छ । समय निर्धारित गरे पढाइ शुरू गरिहाल्नुपर्छ। विद्यार्थीहरूले के प्रयास गर्नुपर्छ भने उनीहरू आफ्नो कक्षा वा कोचिङ नोट्सबाट पढ्नुपर्छ। यसरी पढ्दा कोर्स छिट्टै सकिन्छ र मनको शङ्का पनि टाढा हुन्छ । केही यस्ता पनि विद्यार्थी हुन्छन् जो प्रतिदिन पढ्दैनन्। यस्ता विद्यार्थीहरूले दिनमा मात्र २–३ घण्टाबाट प्रारम्भ गरेर पछि पढ्ने समयमा वृद्धि गर्न सक्छन् । समयानुसार विषयगत महत्त्वपूर्ण कुरामा ध्यान दिन सक्छन् । यसका साथै विद्यार्थीहरूले स्वयंलाई के विश्वास दिलाउनुपर्छ भने उनीहरू यस भन्दा पनि बढी राम्रो गर्न सक्छन्। परीक्षाको लागि बाँकी दिनहरूलाई ध्यानमा राखेर आफ्नो इच्छाशक्तिलाई बलियो बनाएर विद्यार्थीहरूले विषयगत रूपमा छनोट गरिएका, परीक्षाको दृष्टिले महत्त्वपूर्ण कुराहरू पढ्दा अवश्य सफल हुन्छन् ।

अन्त्यमा विद्यार्थीहरूले परीक्षाको तयारीका लागि समय प्रबन्धनसँगै सबै विषय समयमैं पढेर सक्याउनको लागि आफ्नो प्रतिभा र सीपको प्रदर्शन गर्नु पनि आवश्यक हुन्छ र आत्मविश्वास पनि कायम राख्नु जरूरी छ । समय छँदै प्रारम्भ गरिएको काम, परिश्रम, लगन र आत्मविश्वासले अवश्य नै सफलता दिलाउँछ। विद्यार्थीहरूले परीक्षाको दिन समयमा सन्तुलित आहार, उचित निद्रा, व्यायाम आदि गरेर परीक्षा दिन बस्ने हो भने सजिलै राम्रो ग्रेड हासिल हुने कुरामा कुनै शङ्का रहन्न ।

# शेयर बजार : नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट


काठमाडौं, १३ चैत/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले घटेको छ। शेयर कारोबार हुने साताको पहिलो दिन नेप्से परिसूचक ४१.४३ अङ्कले घटेर दुई हजार ५७२.२३ मा पुगेको हो।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार अघिल्लो कारोबार दिनका तुलनामा आज बजार १.५९ प्रतिशतले घटेको हो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १.९५ प्रतिशतले घटेको छ । यस्तो परिसूचक ९.५५ अङ्कले ओरालो लागेर ४७९.३९ पुगेको छ । आज २३२ कम्पनीको ८९ लाख २३ हजार १४ कित्ता शेयर रु चार अर्ब ९८ करोड ९५ लाख १४ हजार ४१६ मूल्यमा खरीद–बिक्री भएको नेप्सेले जनाएको छ ।

**निर्जीवन बीमाबाहेक सबै उपसमूहका शेयर मूल्यमा गिरावट**

नेप्सेका अनुसार आज कारोबार भएका कुल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयरको मूल्य घटेको छ भने निर्जीवन बीमा उपसमूह मात्रै बढेको छ। निर्जीवन बीमा उपसमूह १३३.३५ अङ्कले बढ्दा बैंकिङ २१.०२, व्यापार ५५.८२ होटल तथा पर्यटन ६६.४२, विकास बैंक १४५.६८, जलविद्युत् ७६.०६, वित्त ६२.२५, उत्पादन १४५.७९, अन्य ९३.६५, लघुवित्त ३९.७१, जीवन बीमा ९८.६१, सामूहिक लगानी कोष ०.१३ र लगानी १.३७ अङ्कले ओरालो लागेका छन् ।




आजको बजारमा कारोबारका आधारमा अपि पावर कम्पनी शीर्ष स्थानमा छ। यो कम्पनीको रु २७ करोड ५६ लाख ७४ हजार ३९३ मूल्य बराबरको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नाम सार्वजनिक

काठमाडौं, १३ चैत/रासस

निर्वाचन आयोगले आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा खट्ने प्रयोजनका लागि छनोट भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नाम सार्वजनिक गरेको छ।

उक्त निर्वाचनका लागि जिल्ला न्यायाधीश र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई यही चैत २९ देखि लागू हुनेगरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा नियुक्त गरिने सूचनामा उल्लेख छ।

आयोगले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा छनोट भएकालाई निर्वाचनसम्बन्धी अभिमुखीकरण तालीम प्रदान गर्नेछ। निर्वाचन अधिकृत भन्नाले निर्वाचनको कामका लागि आयोगले नियुक्ति गरेको मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत समेतलाई जनाउँछ।

स्थानीय तह निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था छ।

स्थानीय तह निर्वाचनका हकमा न्यायाधीश र न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिए निजामती सेवाभित्रका अन्य सेवाका अधिकृतलाई समेत निर्वाचन अधिकृतमा खटाउन सकिने छ। निर्वाचन सञ्चालन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी निर्वाचन अधिकृतको हुनेछ।

निर्वाचन कार्यक्रम अनुरुप उम्मेदवारको मनोनयन दर्ता, मनोनयनउपर उजुरी लिने, उजुरीउपर छानबीन गर्ने, उम्मेदवारको अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, निर्वाचन चिह्न दिने, आचारसंहिता पालना गराउने, मतदानका लागि कर्मचारी खटाउने, मतदान र मतगणना गराउने, आफ्नो क्षेत्रको निर्वाचन विवाद निरूपण गर्ने तथा निर्वाचन परिणाम प्रकाशन गरी आयोगमा प्रतिवेदन बुझाउने निर्वाचन अधिकृतको मुख्य जिम्मेवारी हो।

**स्थानीय तह निर्वाचन : पर्यवेक्षणका लागि निवेदन दिन आह्वान**

निर्वाचन आयोगले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा पर्यवेक्षण गर्न चाहने राष्ट्रिय सङ्घसंस्थालाई निवेदन दिन आह्वान गरेको छ।

निर्वाचनका क्षेत्रमा अनुभव, विज्ञता, दक्षता र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय सङ्घसंस्था र व्यक्तिबाट निर्वाचन पर्यवेक्षण गराउन निवेदनका लागि आयोगले आजदेखि लागू हुनेगरी १५ दिने सार्वजनिक सूचना जारी गरेको छ। निर्वाचनमा तेस्रो पक्षबाट गरिने निर्वाचनको विधि र प्रक्रिया अवलोकन गर्ने कार्यलाई निर्वाचन पर्यवेक्षण भनिन्छ।

निर्वाचनको पर्यवेक्षण गर्न चाहने संस्थाले निवेदनका साथ संस्था दर्ता प्रमाणपत्र, नवीकरण भएको निस्सा, विधान र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि पेश गर्नुपर्नेछ। संस्थाका कार्यसमितिका पदाधिकारीको नामावली, पर्यवेक्षणको अनुभव भए सोको प्रमाण तथा संस्थाले तयार गरेको पुस्तिका र निर्देशिका प्रति पेश गर्न भनिएको छ। यद्यपि कुनै सङ्घसंस्थालाई पर्यवेक्षण गर्न अनुमति दिने वा नदिने अधिकार आयोगमा निहित छ।

निर्वाचनको पर्यवेक्षण गर्न चाहने व्यक्ति वा संस्थाले निर्धारित प्रक्रिया पूरा गरी अनुमति लिनुपर्नेछ। निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा भएको छ भन्ने सुनिश्चित गर्न पर्यवेक्षण गराउने अन्तर्राष्ट्रिय अभ्यास हो। निर्वाचन पर्यवेक्षणले निर्वाचनको वैधता र निर्वाचन व्यवस्थापन गर्ने निकायको विश्वसनीयता अभिवृद्धिमा सहयोग पुग्याउँछ।

निर्वाचनलाई स्वच्छ र निष्पक्ष तुल्याउन निर्धारण गरिएका प्रक्रिया र मापदण्ड पालना भए/नभएको सुनिश्चित गर्न तथा निर्वाचन प्रक्रियालाई पारदर्शी तुल्याई परिणाम स्वीकार्य बनाउन निर्वाचन पर्यवेक्षण गर्ने गराउने चलन छ।

निर्वाचन पर्यवेक्षणले मुख्य सरोकारवालासँग समन्वय र सहभागिता प्रवर्द्धनमा सहयोग पुऱ्याउनका साथै निर्वाचनको साख अभिवृद्धि र सम्बन्ध विस्तारमा योगदान पुऱ्याउने आयोगले जनाएको छ।

पर्यवेक्षण अनुमति पाएका सङ्घसंस्था र व्यक्तिले निर्वाचन सकिएको १५ दिनभित्र प्रारम्भिक र कार्य समाप्त भएको ३० दिनभित्र आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ।

तोकेको कार्यविधि र आचारसंहिता पालना नगरी पर्यवेक्षण गर्नेको अनुमति रद्द गर्न सक्ने कानूनी व्यवस्था रहेको आयोगले जनाएको छ।

**पर्यवेक्षक संस्थाको कर्तव्य**

आयोगबाट अनुमति नलिई पर्यवेक्षण नगर्ने नगराउने तथा पर्यवेक्षक खटाउँदा समावेशी नीति अवलम्बन गर्नुपर्ने संस्थाको कर्तव्य हुनेछ। संस्थाले पर्यवेक्षकलाई तालीम, शपथ, परिचयपत्रको व्यवस्थासहित हिमाल, पहाड र तराई सबै क्षेत्र समेट्नेगरी खटाउन पर्नेछ।

पर्यवेक्षकले निर्वाचनबारे स्वतन्त्रतापूर्वक संवाद गर्ने, आचारसंहिताभित्र रही निर्वाचनका विषयमा प्रस्ट हुने र अधिकार क्षेत्रसम्बन्धी जानकारी लिनुपर्ने हुन्छ।

निर्वाचन प्रचार अभियान, मतदाताको निर्बाध आवतजावत, संवेदनशील निर्वाचन सामग्रीको ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चारमाध्यममा पहुँचबारे पनि पर्यवेक्षकले विशेष ध्यान पुऱ्याउनुपर्छ। निष्पक्ष, तटस्थ र विश्वसनीय पर्यवेक्षण गर्नुपर्ने भएकोले पर्यवेक्षकले सबै सम्प्रदाय र जातजातिको सम्मान गर्नुपर्नेछ। उम्मेदवार र दल विशेषबारे टीकाटिप्पणी गर्न पाइने छैन।

## स्थानीय तह निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता

आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता कायम भएका छन्।

निर्वाचन आयोगको आइतवारको बैठकले ८९ लाख ९२ हजार १० पुरुष र ८७ लाख ४१ हजार ५३० महिला तथा अन्य यौनिक तथा अल्पसङ्ख्यक समुदायका १८३ जना मतदाता कायम गरेको निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए।

आयोगका अनुसार सबैभन्दा बढी मतदाता सात लाख १५ हजार २२३ भएको जिल्ला मोरङ हो भने सबैभन्दा कम छ हजार ४१६ मनाङमा मतदाता छन्। धेरै मतदाता हुने जिल्लामा मोरङ, झापा र काठमाडौं छन् भने थोरै हुने जिल्लामा मनाङ, मुस्ताङ र डोल्पा छन्।

मतदाता नामावलीमा नाम समावेश भएका आगामी वैशाख २९ गते १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने यसपटक नयाँ व्यवस्था गरिएको छ।

उक्त निर्वाचनका लागि मतदानस्थल १० हजार ७५६ र मतदान केन्द्र २१ हजार ९५५ कायम गरिएको उनले जानकारी दिए।

**सबैभन्दा बढी र सबैभन्दा कम मतदाता भएका तीन जिल्लाहरुको विवरण**

| सि.नं. | बढी मतदाता भएको जिल्ला | मतदाता संख्या | सि.नं. | कम मतदाता भएको जिल्ला | मतदाता संख्या |
|---|---|---|---|---|---|
| १. | मोरङ | ७,१५,२२३ | १. | मनाङ | ६,४९६ |
| २. | झापा | ६,४६,२३४ | २. | मुस्ताङ | १०,४८५ |
| ३. | काठमाडौं | ६,३७,७७५ | ३. | डोल्पा | २२,४४० |

**सबैभन्दा बढी र सबैभन्दा कम मतदाता भएका तीन स्थानीय तहहरुको विवरण**

| सि.नं. | बढी मतदाता भएका स्थानीय तह | मतदाता संख्या. | सि.नं. | कम मतदाता भएको स्थानीय तह | मतदाता संख्या |
|---|---|---|---|---|---|
| १. | काठमाडौं महानगरपालिका | ३,००,२४२ | १. | नार्पा भूमि गाउँपालिका (मनाङ जिल्ला) | ४४८ |
| २. | पोखरा महानगरपालिका | २,०७,७१२ | २. | चामे गाउँपालिका (मनाङ जिल्ला) | ७११ |
| ३. | भरतपुर महानगरपालिका | १,८५,७५२ | ३. | छार्का ताङसोङ गाउँपालिका (डोल्पा) | ९६७ |

**सबैभन्दा बढी र सबैभन्दा कम मतदानकेन्द्र भएका तीन जिल्लाहरुको विवरण**

| सि.नं. | बढी मतदानकेन्द्र भएका जिल्ला | मतदानकेन्द्रको संख्या | सि.नं. | कम मतदानकेन्द्र भएका जिल्ला | मतदानकेन्द्र संख्या |
|---|---|---|---|---|---|
| १. | मोरङ | ८२० | १. | मनाङ | २८ |
| २. | काठमाडौं | ७५९ | २. | मुस्ताङ | ३८ |
| ३. | झापा | ७५५ | ३. | रुकुम पूर्व | ४९ |

**सबैभन्दा बढी र सबैभन्दा कम मतदानकेन्द्र भएका तीन प्रदेशहरुको विवरण**

| सि.नं. | बढी मतदानकेन्द्र भएका प्रदेश | मतदानकेन्द्रको संख्या | सि.नं. | कम मतदानकेन्द्र भएका प्रदेश | मतदानकेन्द्र संख्या |
|---|---|---|---|---|---|
| १. | मधेश प्रदेश | ४,१८९ | १. | कर्णाली प्रदेश | १३८५ |
| २. | बागमती प्रदेश | ४०९५ | २. | सुदूर पश्चिम प्रदेश | २१०३ |
| ३. | प्रदेश नं. १ | ४०५१ | ३. | गण्डकी प्रदेश | २३०० |

# दुर्घटनामा चारजनाको मृत्यु

मलङ्गवा, १३ चैत/रासस

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीस्थित फूलजोर खोलाको पुलबाट बस तल खस्दा चारजनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्।

वीरगंजदेखि जनकपुरतर्फ जाँदै गरेको ना.४ख ८५५५ नम्बरको बस आज मध्याह्न सर्लाहीको लालबन्दी र ईश्वरपुर नगरपालिकाको सीमामा पर्ने फूलजोर खोलास्थित पुलबाट तल खसेर दुर्घटना भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए।

बसको अगाडिको चक्का पड्केर अनियन्त्रित भई पुलबाट तल खसेको बताइए पनि अनुसन्धान भइरहेको उनले जानकारी दिए। घाइतेको लालबन्दी, नवलपुर र हरिवनमा उपचार भइरहेको छ। गम्भीर घाइतेलाई लालबन्दीबाट अन्यत्र बाहिर पठाउने क्रम चलिरहेको प्रहरीले जनाएको छ। दुर्घटनामा बसका चालकसमेत घाइते भएका छन्। मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा ल्याइएको छ भने मृतक तथा घाइतेहरूको पहिचानको काम भइरहेको इलाका प्रहरी कार्यालय, लालबन्दीले जनाएको छ।

# दलित बस्तीका १३ घरमा आगलागी

मलङ्गवा, १३ चैत/रासस

सर्लाहीको धनकौल गाउँपालिका-५ हरकठवास्थित दलित बस्तीमा शनिवार साँझ आगलागी हुँदा १३ घर जलेर नष्ट भएका छन्। आगलागीबाट करीब रु २६ लाख बराबरको क्षति भएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार आगलागीमा घरभित्र राखिएको ग्याँस सिलिन्डर पड्किंदा स्थानीयवासी ३५ वर्षीय अरविन्दप्रसाद कुशवाहा घाइते थिए। सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जलेका घर फुसले छाएको बताए। घरभित्र रहेका अन्न, लत्ताकपडालगायत सबै सामान जलेपछि १३ दलित परिवारको बिचल्ली भएको छ।

आगलागीबाट स्थानीय प्रदीप हजारी, रामबली पासमान, ताहिर हजारी, शीतल हजारी, जीवन हजारी, भिखारी पासमान, रामविश्वास हजारी, बिकाउ पासमान, नन्दकिशोर पासमान, गगन हजारी, सरपलाल हजारी, रामनाथ हजारी र भुमेश्वरसाह कानूको घर जलेर नष्ट भएको छ। आगलागीको कारण खुल्न सकेको छैन।

मलङ्गवा, हरिवन नगरपालिकाको वारुणयन्त्र तथा सुरक्षाकर्मी र स्थानीयवासीको सहयोगमा आगो निभाइएको प्रहरीले जनाएको छ। गर्मीयाममा सावधानी राख्न नसक्दा बर्सेनि आगलागी हुने गरेको छ।

# मधेस प्रदेश ट्राफिक प्रहरीद्वारा १६ करोड जरिवाना असुल

प्रस, जीतपुर, १३ चैत/

मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाले आठ महीनामा १५ लाख ८९ लाख ८८ हजार रुपियाँ राजस्व सङ्कलन गरेको छ।

मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाका प्रमुख प्रहरी उपरीक्षक नान्तीराज गुरुङले चालू आवको साउन-फागुन आठ महीनामा एक लाख ८१ हजार १०८ जना चालकलाई कारबाई गरिएको बताए।

आठ महीनाको अवधिमा ट्राफिक प्रहरी कार्यालय, पर्साले २२ हजार ३०० जना चालकसँग रु दुई करोड आठ लाख ६२ हजार जरिवाना असुल गरेको प्रउ गुरुङले बताए।

यसैगरी ट्राफिक प्रहरी कार्यालय, बाराले १९ हजार ७८० जना चालकसँग रु एक करोड ७१ लाख ४९ हजार, रौतहटले १३ हजार ८७८ चालकसँग रु एक करोड ३२ लाख ७७ हजार, सर्लाहीले १५ हजार ८०० चालकसँग रु एक करोड ४१ लाख ८४ हजार, महोत्तरीले २१ हजार ७५० चालकसँग रु एक करोड


प्रउ नान्तीराज गुरुङ

८५ लाख ५१ हजार, धनुषाले १५ हजार ४५० चालकसँग रु एक करोड ३० लाख ५४ हजार, सिराहाले २७ हजार २०० जना चालकसँग रु दुई करोड पाँच लाख ८६ हजार, सप्तरीले २१ हजार ४५० चालकसँग रु एक करोड ४५ लाख २२ हजार र मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाले २३ हजार ४०० जना चाकलसँग रु दुई करोड ६८ लाख एक हजार जरिवाना गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गरेको प्रउ गुरुङले बताए।

आठ महीनाको अवधिमा तीन हजार ६५९ वटा सवारी दुर्घटना हुँदा ३८७ जनाले ज्यान गुमाएको उनले बताए। दुर्घटनामा पाँच हजार ३५३ वटा सवारीसाधनमध्ये दुई हजार ८९ सवारीसाधनमा क्षतिको लागत रु ६ करोड ९३ लाख ४६ हजार भएको प्राप्त विवरणमा उल्लेख छ।

सवारी दुर्घटनामा जनधनको क्षति वृद्धि हुँदै गएकोले सङ्घीय, प्रदेश र स्थानीय सरकार सजग हुनुपर्ने तराई यातायात व्यवसायी सङ्घ, सिमराका वरिष्ठ सल्लाहकार मुकुन्दबहादुर क्षत्रीले बताए।

# गङ्गा क्यासेटले धोका दिएको आरोप

प्रस, परवानीपुर, १३ चैत/

सोरठी बिर्जाभारका चर्चित गायक तथा नायक सलीम अहमद समानीले आफूसँग भारतीय क्यासेट कम्पनीले धोकाबाजी गरेको आरोप लगाएका छन्।

पर्सा, धोबिनी गाउँपालिका-३ बडकी हरिहरपुर घर भएका सलीमले बीस वर्ष अघि गुपचुप रेकर्ड गरिएको भिडियोबाट गङ्गा क्यासेटले करोडौं रुपियाँ कुम्ल्याएको र आपूलाई एक सुको पनि नदिएको उनले बताए।

बीस वर्ष अघि धोबिनी गापाको जगरनाथपुर टोलको बिर्जाभार नाच टीमलाई गङ्गा क्यासेटको टोलीले दिल्लीको एउटा होटलमा तीन रात लगातार नाच गराएर उक्त भिडियो खिचेको र युट्युबमा रिलिज गरी अहिलेसम्म करोडौं रुपियाँ कमाइसकेको उनले दाबी गरे।

उनले त्यति बेला नाच कार्यक्रमको लागि मात्र सम्झौता भएको र गङ्गा क्यासेटले कार्यक्रमबापत रु ३५ हजार दिएर भिडियो र गीतसम्बन्धी प्रतिलिपि अधिकारसम्बन्धी कागजातमा पनि औंठा छाप गराएर धोका दिएको बताए। उनले गङ्गा क्यासेटसँग रोयाल्टीबापत रकम उपलब्ध गराइदिन नेपालका सरोकारवाला निकायसँग पहल गरिदिन माग गरेका छन्। ६५ वर्षीय सलीमले ४५ वर्षदेखि बिर्जाभारको प्राचीन कथा प्रस्तुत गर्ने सोरठी बिर्जाभार नाच पार्टी चलाउँदै आएका छन्। भारत, राजस्थानको सोरठपुरका राजा उदयभान सिंहकी छोरी सोरठी र बिर्जाभारबीच प्रेम सङ्घर्षको कथा वाचन गर्ने टोलीलाई बिर्जाभार-टोली भनिन्छ।


गायक/अभिनेता सलीम

# सिमरा मालपोतले ३९ करोड राजस्व उठायो

प्रस, जीतपुर, १३ चैत/

मालपोत कार्यालय, सिमराले आठ महीनामा रु ३० करोड तीन लाख १४ हजार राजस्व सङ्कलन गरेको प्रमुख मालपोत अधिकृत राजेन्द्रप्रसाद पौडेलले बताए।

चालू आवको साउन-फागुन आठ महीनामा घरजग्गा रजिस्ट्रेशन दस्तुर रु २४ करोड ४६ लाख ३५ हजार, पुर्जा बिक्री सेवा शुल्क रु २४ हजार ८००, सेवा शुल्क रु आठ लाख ७००, रोक्का रु दुई करोड ३२ लख २० हजार, अन्य विविध रु आठ लाख ४० हजार र पूँजीगत लाभकर रु १२ करोड सात लाख ९१ हजार राजस्व सङ्कलन गरिएको लेखापाल तेजेन्द्र लम्सालले बताए।

प्रचलित नीति निर्देशन बमोजिम घरजग्गा रजिस्ट्रेशन दस्तुरको ४.५ प्रतिशत जीतपुरसिमरा र कलैया उपमहानगर, चार प्रतिशत निजगढ नगरपालिका, अढाई प्रतिशत लिपनीमाल, बुनियाद र रामपुर टोकनी गाउँपालिकालाई छुट दिइएको प्रमुख पौडेलले बताए। त्यसैगरी एक हजार ४८० महिला जग्गाधनीलाई २५ प्रतिशतले रु १ करोड ९३ लाख ६७ हजार छुट दिइएको उनले बताए। मधेस प्रदेश, मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत ०.५ प्रतिशत छुट भएको मालपोत अधिकृत पौडेलले जानकारी गराएका छन्।





पटेर्वासुगौली गाउँपालिका-४ बडका सुगौलीका बालबालिकाहरू बाख्रा चराउन गएका बेला नजीकैको खेतबाट गहुँ, केराउको बोट टिपेर होरहा पकाउँदै। होरहा खाजाको रूपमा खाने गरिन्छ। तस्वीरः नरेश यादव

# रातमाटे–केरुङ अन्तर्देशीय प्रसारण लाइन निर्माणमा महत्त्वपूर्ण सहमति

– रमेश लम्साल

काठमाडौं, १३ चैत/रासस

नेपाल र चीनबीच विद्युत् आदानप्रदानका लागि महत्त्वपूर्ण मानिएको ४०० केभी क्षमताको डबल सर्किट रातमाटे–रसुवागढी–केरुङ अन्तर्देशीय प्रसारण लाइन निर्माणका लागि मार्ग प्रशस्त भएको छ।

परराष्ट्रमन्त्री डा नारायण खडकाको निमन्त्रणामा नेपालको त्रिदिवसीय भ्रमणको क्रममा रहेका चिनियाँ विदेशमन्त्री एवं चीनको राज्य परिषद्का सदस्य वाङ यीसँग प्रतिनिधिमण्डल स्तरीय वार्तापछि आयोजित समारोहमा सो प्रसारण लाइन निर्माणका सम्बन्धमा महत्त्वपूर्ण सहमति भएको हो।

द्विपक्षीय सम्झौतामा नेपाल–चीन पावर ग्रिड इन्टरकनेक्शन सम्भाव्यता अध्ययनका लागि सहयोग सम्झौता उल्लेख गरिएको भए पनि रातमाटे–रसुवागढी–केरूङ प्रसारण लाइन निर्माणका लागि आवश्यक प्रक्रिया तत्काल शुरू गर्ने भन्ने विषय रहेको आयोजना प्रमुख कोमलनाथ आत्रेयले जानकारी दिए।

नेपाल–चीन पावर ग्रिड इन्टरकनेक्शन सम्भाव्यता अध्ययनसम्बन्धी सहयोग सम्झौतामा ऊर्जा, जलस्रोत तथा सिंचाइ सचिव देवेन्द्र कार्की र नेपालका लागि चिनियाँ राजदूत हउ यान्छीले हस्ताक्षर गरेका छन्।

यस्तै प्रसारण लाइनसँगै चीन–नेपाल अन्तर्देशीय रेलवे परियोजनाको सम्भाव्यता अध्ययनका लागि समेत महत्त्वपूर्ण सम्झौता भएको छ। सो सम्झौतापछि अब आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गर्न मार्ग प्रशस्त भएको छ।

आयोजना प्रमुख आत्रेयका अनुसार शनिवारको सम्झौतापछि प्रसारण लाइन निर्माणमा बाँकी रहेका सबै कामले गति लिने विश्वास गरिएको छ। उनका अनुसार आयोजनाका लागि अब प्राविधिक तथा आर्थिकरूपमा अध्ययनको काम शुरू हुन्छ। त्यसको समन्वयका लागि विशेष समितिसमेत क्रियाशील हुन्छ।

सम्झौताले नेपालका तर्फबाट प्रसारण लाइनका सम्बन्धमा भएका सबै प्रगतिलाई समेत स्वीकार गरेको छ। "धेरै काम त अब बाँकी छैन, जति बाँकी छ, त्यसका लागि पनि अब सहज भएको छ, आयोजनाले अब गति लिन्छ भन्ने विश्वास पैदा भएको छ"–आयोजना प्रमुख आत्रेयले भने।

सो आयोजना प्राधिकरणको आयोजना विकास विभागले अगाडि बढाइरहेको छ। सम्झौतापछि नेपाल र चीनका संयुक्त प्राविधिक समूहको बैठक बस्न सहज भएको छ। सो बैठक बस्न नसक्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा बाँकी रहेका केही काम अगाडि बढ्न सकेको थिएन। पछिल्ला दिनमा कोरोनाका कारण केही जटिलता पैदा भए पनि सहजरूपमा दुई देशबीचको नाका सञ्चालनमा आउन नसक्दा 'ज्वाइन्ट क्रसिङ प्वाइन्ट' का विषयमा टुङ्गो लगाउन सकिएको थिएन। सम्झौताले सो कामसमेत सहज भएको छ।

दुवै देशका प्राविधिकले स्थलगत अध्ययन गरेपछि संयुक्तरूपमा गरिने 'लोड फ्लो टेस्ट' र डिपिआरको काम पनि अब शुरू हुनेछ। केही दिनपछि शनिवार भएको सम्झौताको कागजात सम्बन्धित मन्त्रालय हुँदै आफूहरू कहाँ आउने र थप प्रक्रिया अगाडि बढ्ने आयोजना प्रमुख आत्रेयको भनाइ छ।




नेपालतर्फको काम अन्तिम चरणमा पुगे पनि संयुक्तरूपमा गर्नुपर्ने काम कोरोनाको असर कम हुँदै गएपछि अगाडि बढ्ने विश्वास लिइँदै आएको थियो। द्विपक्षीय सम्झौताले झनै सहज बनाएको उनको भनाइ छ। सो अन्तर्देशीय प्रसारण लाइनले तीन हजार मेगावाट बराबर बिजुली आदान–प्रदान गर्न सक्नेछ।

विद्युत् विकास विभागबाट पाँच हजार मेगावाट क्षमताको बिजुली प्रवाहका लागि अनुमति पाए पनि नेपालतर्फको 'लोड फ्लो' अध्ययन गर्दा पहिलो चरणमा तीन हजार मेगावाट बराबर बिजुली आदान–प्रदान गर्न सकिने देखिएको हो। अध्ययन अनुसार हालसम्म निर्माणाधीन अवस्थामा रहेका आयोजनाभन्दा सो प्रसारण लाइन थप उच्च क्षमताको हुनेछ।

आगामी भदौसम्म वातावरणीय प्रभाव मूल्याङ्कन काम सम्पन्न हुनेछ। प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनीयरिङले वातावरणीय प्रभाव मूल्याङ्कनको काम गरिरहेको छ। उक्त प्रसारण लाइनको नेपालतर्फको क्षमता ४०० केभी डबल सर्किटको हुनेछ। यस्तै चीनतर्फ भने ५०० केभी डबल सर्किटको हुनेछ।

चिनियाँ पक्षले जिलोङ काउन्टीमा सबस्टेशन निर्माण गरिरहेको छ। केरूङसमेत सोही काउन्टीमा पर्छ। नेपालतर्फ यस अघि नै लोड फ्लो टेस्ट भए पनि दुई देशबीच संयुक्त लोड फ्लोको काम अब शुरू हुनेछ। सो काम स्टेट ग्रिड अफ चाइनाले गर्नेछ। नेपालतर्फको अध्ययन अनुसार अन्तर्देशीय प्रसारण लाइन निर्माण सम्पन्न भएपछि नेपाल र चीनबीच तीन हजार मेगावाट बराबर बिजुली आयात–निर्यात गर्न सकिन्छ। आयोजनामा कुल २०८ टावर रहने छ।

प्रसारण लाइनको नेपालतर्फको खण्ड ७० किलोमिटर बराबर छ। प्रसारण लाइनको लागत रु १० अर्ब बराबर रहने प्रारम्भिक अनुमान छ। यद्यपि प्राविधिक एवम् आर्थिक अध्ययनपछि मात्रै कुल लागतबारे निक्र्योल हुन सकिने आयोजनाको भनाइ छ। नुवाकोटको रातमाटेदेखि रसुवागढीसम्म निर्माण हुने नेपालतर्फको प्रसारण लाइन लाङटाङ राष्ट्रिय निकुञ्जभित्र भएर जान्छ। आयोजनाले निकुञ्जभित्र र बाहिर दुवैतर्फ अध्ययन गरेको छ।

**चीन–नेपाल–भारत जोड्ने त्रिदेशीय प्रसारण प्रणाली**

सो प्रसारण लाइन निर्माण भएपछि नेपाल, चीन र भारतबीच विद्युत् आयात निर्यातका लागि त्रिदेशीय मार्गसमेत खुल्नेछ। सरकारले अगाडि सारेको १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य साकार पार्न पनि सो प्रसारण लाइन महत्त्वपूर्ण मानिएको छ। हाल भारतसँग ११ वटा सम्पर्क बिन्दुमार्फत बिजुली आयात–निर्यात भइरहे पनि चीनतर्फ भने कुनै पनि प्रसारण सम्पर्क सञ्जाल बन्न सकेको छैन। नेपालले प्रस्ताव गरे अनुसार वान बेल्ट वान रोड परियोजनामा सो प्रसारण लाइनसमेत समावेश छ।

आयोजना प्रमुख आत्रेयका अनुसार प्रसारण लाइन नेपालकै लागि पनि महत्त्वपूर्ण छ। चीनको ल्हासामा दुई प्रसारण प्रणालीबाट बिजुली आयात भइरहेको छ। सिचुवानबाट आएको बिजुली दुई हजार किलोमिटर लामो प्रसारण लाइनबाट प्रवाह भएको छ। यस्तै चाङघाइबाट आएको बिजुली एक हजार ४०० किलोमिटर लामो प्रसारण लाइनमार्फत प्राप्त भएको छ।

नेपालतर्फबाट प्रसारण प्रणाली जोड्दा झन्डै ९०० किलोमिटर हाराहारी हुने भएकोले तिब्बतमा बिजुली प्रवाह गर्न थप सहज हुनेछ। चीनतर्फ जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन तथा अन्य कुनै पनि प्रकारको प्राविधिक समस्या नहुने भएकोले एकाध वर्षमा नै सयौं किलोमिटर प्रसारण लाइन निर्माण हुन सक्छ।

शनिवार भएको सम्झौतामा प्रसारण लाइन र रेलको अन्तर्सम्बन्ध र तथा महत्त्वबारे समेत उल्लेख भएको छ। चीनबाट नेपालमा ल्याइने भनिएको रेलमार्ग निर्माणका लागिसमेत प्रसारण लाइन उत्तिकै महत्त्वपूर्ण छ। नेपालमा चल्ने भनिएको रेल विद्युतीय हुने भएकोले रेलमार्गको काम शुरू हुनुभन्दा पहिल्यै प्रसारण प्रणाली निर्माण भइसक्नुपर्नेछ। चीनबाट आउन भनिएको रेल विद्युतीय हो। रेल आउनुभन्दा दुई वर्ष पहिले नै प्रसारण लाइन बनाइसक्नुपर्नेछ। त्यसका लागि बिजुलीको असाध्यै राम्रो आपूर्ति हुनुपर्छ।

नेपालको विद्युत् आदानप्रदान तथा क्षेत्रीय बजारमा पहुँचका लागि महत्त्वपूर्ण मानिएका अन्तर्देशीय प्रसारण लाइनको निर्माणलाई सरकारले उच्च प्राथमिकतामा राख्दै आएको छ। चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका क्रममा समेत सो प्रसारण लाइन निर्माणबारे चर्चा भएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र चीनको स्टेट ग्रिडका कार्यकारी निर्देशक कोउ वीले २०७५ असार ६ गते बेइजिङमा नेपाल–चीन पावर ग्रिड इन्टरकनेक्शन अन्तर्गत सो प्रसारण लाइनको अध्ययनसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका थिए।

नेपालतर्फ नुवाकोटको रातमाटे वा प्राधिकरणको त्रिशूलीमा रहेको जग्गामा सबस्टेशन निर्माण हुनेछ। भारततर्फ ढल्केबर–मुजफ्फरपुर अन्तर्देशीय प्रसारण लाइन निर्माण भई सञ्चालनमा आइसकेको छ।

यस्तै दोस्रो न्यु बुटवल गोरखपुर अन्तर्देशीय प्रसारण लाइन निर्माणका लागि आवश्यक प्रक्रिया शुरू भइसकेको छ। प्राधिकरणले रक्सौल–परवानीपुर, कुशाहा–कटैया, रामनगरलगायत विभिन्न ११ स्थानबाट बिजुली ल्याए पनि चीनतर्फ भने एउटा पनि प्रसारण प्रणाली निर्माण हुन सकेको थिएन।

अमेरिकी सहयोग सम्झौता एमसिसीले पनि नुवाकोटको रातमाटेमा नै सबस्टेशन निर्माण गर्ने तयारी थालेको छ। नेपालले प्रसारण लाइनमा सहयोग उपलब्ध गराइदिन चीन सरकारसँग यस अघि नै आग्रह गरेको थियो। नेपालको सो आग्रहलाई चीन सरकारले स्वीकार गरी सम्झौतासमेत हुनुले आयोजना निर्माणमा थप भरोसा पैदा भएको छ। चीनसँग विद्युत् आदानप्रदानका लागि रसुवागढी–केरूङ प्रसारण लाइनका अलावा तातोपानी, कोरला, किमाथाङ्कालगायत स्थानबाट पनि प्रसारण प्रणाली एक आपसमा जोड्ने चर्चा भइरहेको छ।







चैते धान रोप्नका लागि खेतलाई पावर टिलरको सहायताले हिल्याउँदै गरेका किसान, बेर्ना निकाल्दै गरेकी महिला र आली बनाउँदै गरेका शुक्लाफाँटा नपा–३ जोनापुरका किसान । तस्वीरः रासस

## फरक समाचार

# सूर्यको सबैभन्दा नजीकको तस्वीर

सूर्यको अहिलेसम्मको सबैभन्दा नजीकको तस्वीर प्रकाशमा आएको छ। यसमा सूर्यको फूल डिस्क इमेज अर्थात् पूरै गोलाको तस्वीर देखिन्छ। यसलाई



नासार र युरोपियन अन्तरिक्ष एजेन्सी (इएसए)को सोलर अर्बिटरले सात मार्चका दिन लिएको थियो। यस तस्वीरलाई त्यतिबेला लिइएको हो, जब सूर्य ताराभन्दा ७.४० करोड किलोमिटर टाढा थियो।

वैज्ञानिकको भनाइ छ यो २५ वटा तस्वीरको एउटा मोजेक हो, जब अर्बिटर पृथ्वी र सूर्यको बीचबाट निस्किरहेको थियो। यसमा आउटर एटमोस्फियर र कोरोना एकैसाथ देखिन्छ। यस तस्वीरलाई खिच्न चार घण्टाभन्दा बढी समय लागेको थियो किनभने यो तस्वीरको हरेक टाइल्स बन्नमा करीब दस मिनेट समय लाग्यो। यसमा हरेक ठाउँ ससाना अनगिन्ती लपेटाहरू उठिरहेको देखिन्छ, जसलाई भविष्यमा अन्तरिक्ष मौसमको भविष्यवाणीमा मदत गर्न प्रयोग गर्न सकिन्छ।

सूर्यमा मौजुद अलग–अलग ग्याँसको अलग–अलग तापमान हुन्छ। क्याप्चर गरिएको तस्वीरमा सुन्तला रङ्गको गोला हाइड्रोजन ग्याँसलाई दर्शाइरहेको छ। यसको तापमान १० हजार डिग्री सेल्सियस छ। नीलो गोला कार्बनलाई दर्शाउँछ, यसको तापमान ३२ हजार डिग्री सेल्सियस छ। हरियो रङ्गले अक्सिजन ग्याँसलाई दर्शाइरहेको छ। यो ३.२० लाख डिग्री सेल्सियससम्म तातो छ। पहेंलो गोला नियोन ग्याँसलाई दर्शाइरहेको छ, जसको तापमान ६.३० लाख डिग्री सेल्सियस छ।

तस्वीरलाई स्पेक्ट्रल इमेजिङ अफ द कोरोनल एन्भायरमेन्ट नामको पेलोडले क्याप्चर गरेको हो, जुन सोलर अर्बिटरमा लगाइएको छ। यो सूर्यको सबैभन्दा नजीक पुगेर ५० वर्षमा पहिलोपटक लिइएको तस्वीर हो। यस तस्वीरको विशेषता भनेको यसले सूर्यको हाइड्रोजन ग्याँसबाट निस्किएको अल्ट्राभाइलेट रेन्जको लिमैन–बिटा वेवलेन्थलाई क्याप्चर गरेको छ।

# उठ्ने बित्तिकै अचानक रिङ्गटा लाग्छ ?

कैयौंपटक हामीले महसूस गरेका छौं अचानक उठ्ने बित्तिकै रिङ्गटा (चक्कर) लाग्छ र केही क्षण आँखा वरिपरि अन्धकार छाउँछ। धेरै बेरसम्म तल बसेर अचानक उठ्दा रिङ्गटा लाग्ने गर्छ।



गर्मीको मौसममा कडा घाममा घुम्दा पनि कसैकसैलाई रिङ्गटा लाग्छ अथवा निद्राबाट जाग्दा केही बेर टाउको निकै दुख्छ। यस्तो समस्या छ भने यो साधारण समस्या होइन, कुनै रोगको सङ्केत पनि हुन सक्छ। सबैभन्दा बढी मान्छे टाउको घुम्ने समस्याबाट ग्रसित रहन्छन्, जसलाई वर्टिगो भनिन्छ। यस्तो समस्या छ भने घरेलु उपचार पनि गर्न सकिन्छ।

३०–४० वर्ष उमेरका मान्छेहरू यस रोगको शिकार हुँदैछन् तसर्थ लक्षण पहिले चिन्नुपर्छ। लक्षण आउनुको कारणः केही औषधिको सेवनको कारण रिङ्गटा लाग्न सक्छ, एंग्जायटी डिसअर्डर, रगतमा चिनीको स्तर कम हुनु, ओभर हिटिङ डिहाइड्रेशन, माइग्रेन, मोशन सिकनेस चक्कर, अव्यवस्थित खानपान हुन्।

यस्तो समस्या छ भने आहारमा अदुवाको प्रयोग गर्नुपर्छ। अदुवा मिसाइएको चिया सेवन गर्नुपर्छ। केही मान्छेलाई यात्रा गर्दा बान्ता वा रिङ्गटा लाग्छ यसलाई मोशन सिकनेस भनिन्छ। बिहान वा साँझ अदुवा मिसाइएको चिया सेवन गरेर यसको उपचार गर्न सकिन्छ। तर याद राख्नुस् बढी चिया सेवन पनि हानिकारक हुन्छ यसैले सीमित मात्रामा चिया सेवन गर्नुपर्छ।

तुलसीको पात औषधीय गुणले भरिपूर्ण हुन्छ। एन्टिइन्फ्लेमटरी, एन्टिअक्सिडेन्ट आदि तत्त्वले भरपूर तुलसीको केही पात चक्कर लाग्दा चपाउनुपर्छ। यसले सन्चो गर्छ अथवा तुलसीको पात पिसेर पानीमा मिसाएर सेवन गर्नुपर्छ।

गर्मीमा धेरै समय बाहिर घुम्दा डिहाइड्रेशन हुन्छ। यसैले घाममा बाहिर नघुम्ने, दिनमा एकपटक चिया वा दुईपटक जुसको सेवन गर्ने र तरल पदार्थ बढी मात्रामा सेवन गर्नुपर्छ।

केही जानकारीः

- सिरानीविना सुत्दा कमर दुखाइमा आराम पुग्छ र मेरुदण्डको हाड पनि बलियो हुन्छ।
- सुक्खा खोकी वा घाँटी खसखसाउने समस्या छ भने दिनमा एकपटक पुदिनाको पात/ज्वानोमा मिसाएर त्यसको भाप सुघ्नुपर्छ।
- ल्वाङको धूलोलाई मिट्ठा वा महमा मिसाएर दिनमा दुई वा तीनपटक सेवन गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## हुथी विद्रोहीद्वारा साउदी अरेबियासँग ३ दिने युद्धविराम घोषणा

यमन, १३ चैत/एएनआई

यमनको हुथी समूहले तीन दिने युद्धविरामको घोषणा गरेको छ। समूहले यदि साउदी नेतृत्वको गठबन्धनले देश विरुद्ध आफ्नो कारबाई समाप्त गर्छ भने स्थायी युद्धविरामको सम्भावना प्रस्ताव गरेकोसमेत अल जजीराले उल्लेख गरेको छ।



आक्रमणपछि जेद्दाह तेल डिपोमा भएको आगलागी। तस्वीरः एपी

साउदी अरेबिया ग्रान्ड प्रिक्स दौड अघि शुक्रवार जेद्दाह तेल डिपोमा आगलागी भएको बेला यो प्रमुख घटनाक्रम आएको हो।

हुथी राजनीतिक नेता महदी अल-मशातले क्षेप्यास्त्र र ड्रोन आक्रमण र सबै सैन्य कारबाई तीन दिनका लागि स्थगित गर्ने घोषणा गरेका छन्।

"यो एक निष्कपट निमन्त्रण र विश्वास पुनर्स्थापित गर्न र सबै पक्षलाई वार्ताको क्षेत्रबाट कार्यको क्षेत्रमा लैजान चालिएको व्यावहारिक कदम हो"–अल-मशातले भनेका छन्।

"र हामी यो घोषणालाई अन्तिम र स्थायी प्रतिबद्धतामा परिणत गर्न तयार छौं यदि साउदी अरेबियाले यमनमा घेराबन्दी अन्त्य गर्ने र यमनमा आफ्ना आक्रमण सदाका लागि रोक्ने प्रतिबद्धता गर्दछ"– उनले थपे।

**हुथी विद्रोहीले गरेको आक्रमणको निन्दा**

खार्तुम/एएनआई/सिन्ह्वा

सुडानले शनिवार साउदी अरेबियाका नागरिक सुविधाहरूमा यमनी हुथी विद्रोहीले गरेको आक्रमणको निन्दा गरेको छ।

"सुडानले साउदी अरेबियाको दक्षिणी क्षेत्रमा विस्फोटक पदार्थले भरिएको ड्रोनको निरन्तर प्रक्षेपणको लागि हुथी मिलिशियाको कडा शब्दमा निन्दा गर्दछ," सुडानको विदेश मन्त्रालयले विज्ञप्तिमा जनाएको छ।

"हुथी आक्रमणले नागरिक र नागरिक सुविधाहरू खतरामा परेका छन् र यो क्षेत्रमा त्रासमा गम्भीर वृद्धि भएको छ," मन्त्रालयले उल्लेख गरेको छ।

मन्त्रालयले आफ्नो सुरक्षा र स्थिरतालाई लक्षित गर्ने कुनै पनि खतराको विरुद्धमा साउदी अरेबियाको लागि सुडानको दृढ समर्थनलाई पुनः पुष्टि गरेको छ।

यमनको हुथी मिलिशियाले शुक्रवार साउदी अरेबियाको जेद्दा र राजधानी रियादमा रहेको तेल प्रशोधन केन्द्रहरूमा सीमापार ड्रोन र मिसाइल आक्रमणको जिम्मेवारीसमेत लिएको छ। रासस



**राति पनि मजदूरी**ः वीरगंजको घण्टाघर, लिङ्करोडस्थित हार्डवेयर पसलमा ट्रकबाट सिमेन्ट अनलोड गर्दै मजदूर। दिनको अतिव्यस्त सडकमा मालसामान अनलोड गर्दा बटुवाहरूलाई समस्या हुने भएपछि रातिको समयमा अनलोड गरिन्छ। तस्वीरः पङ्कज श्रेष्ठ

## गापा अध्यक्षविरुद्ध र्‍याली प्रदर्शन

प्रस, पंचगावाँ, १३ चैत/

पर्साको सखुवाप्रसौनी गाउँपालिकामा आइतवार दिउँसो दुईदेखि चार बजेसम्म नाराबाजी गर्दै सर्वदलीय पार्टीका अगुवाहरूको उपस्थितिमा सवा चार बजे गापाको कार्यालयमा ताला लगाइएको स्थानीय नेता नागेन्द्र चौधरीले बताए।

गापा उपाध्यक्ष फूलमति देवी, नेकपा एमाले गाउँ कमिटी संयोजक वासुदेव महतो, नेपाली काङ्ग्रेस गाउँसमिति संयोजक जयराम महतो, नेपाल सुशासन पार्टीका प्रदीप राउत, जनमोर्चाका तपसी चौधरी, माओवादी केन्द्रका लालबिहारी राम, निर्वाचित केही वडासदस्यलगायतले गापा अध्यक्ष प्रदीप जैसवालविरुद्ध र्‍याली निकालेका थिए।

र्‍याली श्रीपुर पंचगावाँ परिक्रमा गरी मुख्य चोकमा कोणसभा आयोजना गरिएको थियो। र्‍यालीमा गापा अध्यक्ष जैसवालविरुद्ध नाराबाजी गर्दै गापाको हरेक आय-व्यय सार्वजनिक गर्नुपर्ने, चुनाव नजीकिँदै गर्दा कर्मचारी भर्ना बन्द गर्नुपर्नेलगायतका माग राखिएका थिए।

गापा अध्यक्ष जैसवालसँग बुझ्दा उनले विपक्षी दलहरूले चुनावको बेला आफूविरुद्ध षड्यन्त्र गरिरहेको बताए। उनले ताला लगाएको विषयमा आफूले बुझ्ने प्रयास गरिरहेको बताए।

## नाइजेरियाको सत्तारूढ दलमा नयाँ नेतृत्व

अबुजा, १३ चैत/एएफपी

नाइजेरियाको सत्तारूढ दल अल प्रोग्रेसिभ कङ्ग्रेस पार्टीमा नयाँ नेतृत्व चयन गरिएको छ।

आगामी सन् २०२३ मा हुने राष्ट्रपतीय निर्वाचनका लागि पार्टीभित्रको विवाद कम गर्ने उद्देश्यले नयाँ नेतृत्व चयन गरिएको अधिकारीहरूले जनाएका छन्।

वर्तमान राष्ट्रपति मोहम्मद बुहारीलाई विस्थापित गर्ने गरी नयाँ उम्मेदवार छनोट गर्ने तयारीमा सत्तारूढ दल रहेको छ।

राष्ट्रपति बुहारी सन् २०१५ मा पहिलोपटक राष्ट्रपतिमा निर्वाचित भएको थिए।

झन्डै एक हप्ता लामो आन्तरिक छलफल र कसरतपछि पार्टीका वरिष्ठ नेता अब्दुल्लाही अडामुलाई पार्टीको नेतृत्व दिने सहमति भएको हो।

उनलाई वर्तमान राष्ट्रपति बुहारीको समेत समर्थन रहेको छ। पार्टीमा नेतृत्व सङ्कट टरेको र आपसी विवाद पनि अब अन्त्य हुने उनले दाबी पनि गरेका छन्। रासस

सबैभन्दा धेरै जनसङ्ख्या रहेको अफ्रिकी मुलुक नाइजेरियामा राष्ट्रपति बुहारीप्रति असन्तुष्टि जनाउदै यसअघि देखि नै विकल्पको खोजी भइरहेको थियो। नयाँ नेतृत्वका लागि थुप्रै प्रभावशाली नेताहरूले कसरत गरेका थिए।

राजधानी अबुजामा भएको हजारौँ सहभागी सम्मेलनबाट नयाँ नेतृत्व चयन गरिएपछि मुलुकको राजनीतिले नै स्पष्ट मार्ग समात्ने अपेक्षा गरिएको छ। रासस

## पकाहामैनपुरमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न

प्रस, वीरगंज, १३ चैत/

पकाहामैनपुर गाउँपालिका-१ वडासमितिको आर्थिक सहयोग र नेपाल सीप विकास परामर्श केन्द्रद्वारा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

भवानी हस्पिटल एन्ड रिसर्च सेन्टरको प्राविधिक सहयोगमा दुई सयजनाको निश्शुल्क चेकजाँच गरिएको थियो। स्वास्थ्य शिविरमा डा आदर्श सिङ्गर र लक्ष्मी चौधरीले चेकजाँच गरेका थिए। शिविरमा कार्यवाहक अध्यक्ष ललिता देवी र संस्थाकी प्रतिनिधि रेखा घिमिरेले सहयोग पुर्‍याएका थिए।



शिविरमा चेकजाँच गर्दै चिकित्सकीय टोली। तस्वीरः प्रतीक

## विमानमा रहेका सबै १३२ जना यात्रीको मृत्यु भएको पुष्टि

नान्निङ, १३ चैत/सिन्ह्वा

चीनमा गत सोमवारदेखि बेपत्ता भएको यात्रीवाहक विमानमा रहेका सबै १३२ जना यात्रीको मृत्यु भएको पुष्टि भएको छ।



तस्वीरः एजेन्सी

घटना लगत्तै घटनास्थलमा खोजी तथा उद्धारका लागि ठूलो सङ्ख्यामा उद्धारकर्ताहरू परिचालन गरिए पनि विमानको ब्ल्याक बक्स मात्रै फेला परेको छ।

चाइना इस्टर्न एयरलाइन्सको विमान गत सोमवार दक्षिणी चीनको गुआन्छी झुआङ क्षेत्रमा बेपत्ता भएको थियो।

घटना भएको छैटौं दिन शनिवार उद्धारकर्ताले घटनामा परेका सबै यात्री मृत्यु भएको घोषणा गरेका हुन्।

"बेपत्ता भएको विमानमा रहेका सबैको मृत्यु भएको छ, कोही पनि जीवितै भेट्न सकिएको छैन, यो अत्यन्त दुःखद खबर हो," चिनियाँ नागरिक उड्डयन प्रशासनका उपप्रमुख हु झेन्जियाङले भने।

घटनामा परी मृत्यु भएकामध्ये १२३ जना यात्री र नौजना चालक दलका सदस्य रहेको पनि उनले स्पष्ट पारे।

घटनास्थलमा खोजी तथा उद्धारका लागि चिनियाँ कम्युनिस्ट पार्टी र राज्य परिषद्को सिफारिशमा अग्नि नियन्त्रक, सशस्त्र प्रहरी, सैन्य अधिकारी, सार्वजनिक सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवकहरूलगायत खटिएका थिए।

घटनामा मृत्यु भएकामध्ये १२० जनाको डिएनए परीक्षण गरी पहिचान भइसकेको पनि अधिकारीहरूले जानकारी दिएका छन्।

दक्षिणपश्चिमी चिनियाँ प्रान्त युनानको राजधानी कुन्मिङदेखि गुन्डोङ प्रान्तको राजधानी गोन्झाउतर्फ जाँदै गरेको बेला विमान बेपत्ता भएको हो। स्थानीय समय अनुसार सोमवार दिउँसो २.३८ बजे विमान बेपत्ता भएको अधिकारीहरूले जनाएका छन्। रासस

## तेजाब प्रहार गर्ने दुईजना पक्राउ

प्रस, वीरगंज, १३ चैत/

वीरगंज महानगरपालिका-१३ श्रीपुर निवासी हाल कलैयामा डेरा गरी बसेकी एकजना महिलामाथि उनका जेठाजु र ससुराले तेजाब प्रहार गरेका छन्। चैत ११ गते शुक्रवार वीरगंजबाट कलैयातर्फ आउने क्रममा उनीमाथि तेजाब प्रहार भएको बारा प्रहरीले जनाएको छ।

२८ वर्षीया पीडित सीता (कविता) पटेलमाथि उनका जेठाजु ३२ वर्षीय रामबाबू साह र उनका ससुरा ५० वर्षीय जवाहिर साहले तेजाब प्रहार गरेका थिए। घटना लगत्तै सोही दिन दुवैजनालाई पक्राउ गरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए।

## पर्सागढीमा एमालेको कमिटी गठन

प्रस, पंचगावाँ, १३ चैत/

पर्सागढी नगरपालिकाका विभिन्न वडामा नेकपा एमालेको टोल कमिटी गठन भएको छ।

एमाले जिल्ला कमिटी सहसचिव गोकर्ण पाठक र पर्सागढी नगर कमिटी सदस्य महिला नेत्री पूजा चौधरीको अगुवाइमा पर्सागढीका विभिन्न वडा र टोलहरूमा कमिटी गठन गरिएको हो।

वडा नं ४ को बकनेरवामा अरुण पञ्जियारको अध्यक्षतामा ३१ सदस्यीय टोल कमिटी भएको छ भने बसबरियामा बिरा दास थारूको अध्यक्षतामा सात सदस्यीय पार्टी र नौ सदस्यीय अखिल नेपाल महिला सङ्घ टोल कमिटी गठन भएको छ।

यसैगरी, वडा नं ३ बिरुवामा रामपतिदेवी माझीको अध्यक्ष्यतामा १३ सदस्यीय पार्टी टोल कमिटी गरिएको छ। यसैगरी, वडा नं ८ रमौलीमा गोविन्द रामको अध्यक्षतामा ३१ सदस्यीय टोल कमिटी गठन गरिएको छ।

### निर्वाचन आचारसंहिता....

किरण ठाकुरलगायतले आचारसंहिता, अनुगमनबारेमा टीका-टिप्पणी गरेका थिए।

निर्वाचन कार्यालय रौतहटका अधिकृत छोटलाल दासले सहभागीहरूले उठाएका प्रश्नको जवाफमा २०७४ सालको स्थानीय चुनावमा स्थापित मतदान केन्द्रलाई नै २०७८ को चुनावमा लागू गरिएको बताए।

जिल्ला समन्वय समिति, रौतहटका सभापति रामएकबालराय यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

### शेयर बजार : नेप्से....

कारोबार भयो।

यस्तै, गुराँस लाइफ इन्स्योरेन्सको रु १७ करोड ५१ लाख दुई हजार ८६०, एभरेस्ट इन्स्योरेन्स कम्पनीको रु १६ करोड ३१ लाख ४७ हजार ६७, सूर्य लाइफ इन्स्योरेन्स कम्पनीको रु १६ करोड २९ लाख २२ हजार ७२८ र प्रभु इन्स्योरेन्स कम्पनीको संस्थापक शेयर रु १५ करोड ३३ लाख ४० हजार बराबरको कारोबार भई शीर्ष पाँचमा परेका छन्।

आजको कारोबारमा जीवन विकास लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य १० प्रतिशतले बढेको छ। इमर्जिङ नेपाल लिमिटेडको ९.९९, राष्ट्रउत्थान लघुवित्त संस्था ९.९९, सानिमा जनरल इन्स्योरेन्स ९.६७ र जनरल इन्स्योरेन्स कम्पनीको शेयर मूल्य ९.६५ प्रतिशतले बढेको छ। उता मल्टिपर्पस फाइनान्स कम्पनीको शेयर मूल्य भने ५.५ प्रतिशले घटेको छ। नारायणी डेभलपमेन्ट बैंक ५.२५, नेरुडे लघुवित्त वित्तीय संस्था ४.८६, मञ्जुश्री फाइनान्स ४.८१ र युनाइटेड मोदी हाइड्रोपावरको शेयर मूल्य ४.६८ प्रतिशतले घटी शीर्ष पाँचमा परेका छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – रोगभय |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – अलमल | कन्या – नारीसुख |
| तुला – भयचिन्ता | वृश्चिक – राज्यलाभ |
| धनु – धनखति | मकर – सुयश |
| कुम्भ – खर्चवृद्धि | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं सभ्यताको परिचय दिऔं।

वीरगंज महानगरपालिका


### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD634BE40M2H00499, इन्जिन नं BE4HM200502 भएको प्र.२-०३-०२१प २८०३ नम्बरको टिभिएस कम्पनीको अपाचे RTR 2V रातो रङ्गको १६० सिसीको मोटरसाइकल २०७८/११/२ गते दिउँसो ४:४० बजे बारा, जीतपुरसिमरा उपमनपा-१० नितनपुरस्थित भगवती स्टील प्रालि अगाडि पार्किङ गरिएको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो. नं. ९८१७२२६४६१ मा खबर गरेमा उचित पुरस्कार दिइनेछ।

**श्यामबाबू कुशवाहा**
जीतपुरसिमरा उपमनपा-८, रमौली

# वीरगंज भन्सारबाट पोहोरभन्दा ४० हजार गाडी भित्रियो

प्रस, वीरगंज, १२ चैत/

वीरगंज भन्सार मातहतको आइसिपी भन्सार नाकाबाट गत आव २०७७/७८ को तुलनामा चालू आवको पछिल्लो आठ महीनामा ४० हजारभन्दा बढी गाडी भित्रिएका छन् भने सात हजारभन्दा बढी गाडी निकासी भएका छन् ।

भारत तथा तेस्रो मुलुकबाट मालसामान बोकेर चालू आवको साउनदेखि फागुनसम्म एक लाख ७६ हजार ६८५ वटा सवारीसाधन आइसिपी नाकाबाट भित्रिएका छन् भने गत आवको साउनदेखि असार मसान्तसम्म अर्थात् १२ महीनामा एक लाख ३६ हजार ८१८ वटा गाडी भित्रिएका थिए । गत वर्ष कोरोना महामारीको प्रभावका कारण आयात कम हुँदा सवारीसाधन पनि कम भित्रिएका थिए ।

तर चालू आवको साउनदेखि फागुनसम्म आयातमा वृद्धि हुँदा अस्वाभाविकरूपमा आठ महीनामैं ४० हजारभन्दा गाडी वीरगंज नाकाको आइसिपीबाट भित्रिएको आइसिपी सञ्चालन गर्ने नेपाल इन्टरमोडल यातायात विकास समिति, आइसिपी शाखाका प्रमुख कमल ज्ञवालीले बताए ।

उनका अनुसार आगामी चार महीनामा थप ४० हजारभन्दा गाडी भित्रिन सक्ने अनुमान छ । आइसिपी नाकाबाट दैनिक आठ सयभन्दा बढी गाडी भित्रिन्छन् भने दुई सय गाडी मालसामान लिएर निकासीका लागि निस्कने गरेका छन् । चालू आवको आठ महीनामा नेपालबाट भारतमा निकासी हुने मालसामान बोकेर जाने गाडीहरूको सङ्ख्या १८ हजार ५५५ छ भने गत आवको १२ महीनामा जम्मा ११ हजार २४३ वटा गाडी निकासीको वस्तु लिएर भारततर्फ गएका थिए ।


तस्वीर: प्रतीक

यसरी निकासीको तथ्याङ्क हेर्दा पोहोरको १२ महीनाभन्दा चालू आवको आठ महीनामा करीब सात हजारभन्दा बढी गाडी मालसामान लिएर भारत निस्केको देखिएको छ ।

त्यसैगरी, चालू आवको आठ महीनामा पेट्रोलियम पदार्थका १५ हजार सातवटा गाडी नेपाल भित्रिएका छन् भने छ हजार ७२२ वटा नयाँ कार आयात भएका छन् ।

त्यसैगरी, नयाँ टयाक्टर ९०५ वटा र अन्य बस, ट्रक, टेलर, मिनी बस, मिनी ट्रकलगायत नयाँ सवारीसाधनका तीन हजार ८४२ वटा चेसीस नेपाल भित्रिएको नेपाल इन्टरमोडेल यातायात विकास समिति, आइसिपी शाखाले जनाएको छ ।

# पर्साका चौधवटै स्थानीय तहमा निर्वाचन अधिकृत तोकिए

प्रस, वीरगंज, १३ चैत/

निर्वाचन आयोगले पर्साका चौधवटै स्थानीय तहमा निर्वाचन अधिकृत तोकेर पठाएको छ ।

छिपहरमाई गाउँपालिकामा मुकुन्द निरौला, जगरनाथपुर गापामा हीरा न्यौपाने, धोबिनी गापामा कैलाश दाहाल, पकाहामैनपुर गापामा कृष्णप्रसाद देवकोटा, विन्ध्यवासिनी गापामा अरुणकुमार कोइराला, सखुवाप्रसौनी गापामा डा सूर्यप्रसाद पौडेल, कालिकामाई गापामा प्रकाश कोइराला, जीराभवानी गापामा झविन्द्रप्रसाद पाण्डे, ठोरी गापामा शिवराज न्यौपाने, पटेर्वासुगौली गापामा गौतम भण्डारी, पर्सागढी नगरपालिकामा केशवप्रसाद पाण्डे, पोखरिया नपामा पद्मबहादुर कार्की, बहुदरमाई नपामा केशवप्रसाद भट्टराई र वीरगंज महानगरपालिकामा न्यायाधीश धर्मराज पौडेललाई निर्वाचन अधिकृतको जिम्मेवारी दिइएको छ ।

# छात्राहरूको बेहोश भएको घटना विषयमा अन्तर्क्रिया

प्रस, सेढवा, १३ चैत/

पटेर्वासुगौली गाउँपालिका वडा नं ४ स्थित नेरामावि सुगौली दापमा गत थिइन् । यस्तो समस्या देखा पर्नु कुनै रोग नभएको भन्दै उनले छोरी मान्छेको मन कोमल भएकोले यस्तो घटना हुने छोरी मान्छेमा यस्तो समस्या देखिने गरेको उनले बताइन् । उनले यस्तो समस्याले कुनै अप्रिय घटना नहुने तथा यो अवस्थामा


तस्वीर: प्रतीक

बुधवार भएको घटना सम्बन्धमा आइतवार अन्तर्क्रिया भएको छ । सो दिन दिउँसो १२ बजे कक्षा ७ देखि १० सम्मका छात्राहरू अचानक बेहोश भएका थिए ।

सो विषयमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, नारायणी अस्पताल, वीरगंजमा आयोजित अन्तर्क्रियामा केन्द्रकी फोकल पर्सन हेमा थापाले छात्राहरू, शिक्षक तथा अभिभावकहरूलाई प्रशिक्षण दिएकी गरेको बताइन् ।

यस्तो अवस्थामा किशोरी तथा बालिकाहरूको मानसिक तनाव शारीरिकरूपमा प्रकट हुने गरेको उनले बताइन् । लामो समयदेखि कोभिडका कारण पठनपाठन बन्दका कारण पढाइको तनाव, घरपरिवार तथा उमेर अनुसार शारीरिक परिवर्तनका कारण आफ्ना नानीहरूलाई कसरी हेरचाह गर्ने सम्बन्धमा प्रशिक्षण दिएकी थिइन् ।

कार्यक्रममा वीरगंज जेसीजका पूर्वअध्यक्ष शेखर चौधरी, थारू पत्रकार सङ्घ नेपाल पर्साका उपाध्यक्ष शम्भु महतो थारू, प्रधानाध्यापक मोहनदास थारूलगायतको सहभागिता थियो ।


## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आदिवासी/जनजातिका लागि जनचेतनामूलक कार्यक्रम

प्रमोद यादव, पंचगावाँ, १३ चैत/

सृजनशील शिक्षा विकास केन्द्र प्रालि पर्साको आयोजना र पर्सागढी नगरपालिका कार्यालय, हरपुरको सहयोगमा वडा नं ९ रामजानकी मन्दिरमा आदिवासी जनजातिहरूको लागि दुई दिने जनचेतनामूलक कार्यक्रम आइतवारदेखि शुरू भएको छ ।

सबै जातजातिको छुट्टै पहिचान रहेकाले सबैले आआफ्नो धर्म, संस्कृति, पहिरन, पहिचान जस्ता क्रियाकलाप बिर्सिंदै गएकाले यसलाई निरन्तरता दिन सहभागीहरूले आग्रह गरेका थिए ।



तस्वीर: प्रतीक

वडाध्यक्ष रामनारायणप्रसाद गौरोको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी गोकर्ण पाठक, पूजा चौधरी, सञ्चारकर्मी प्रमोद यादवलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा दामोदरप्रसाद यादव र बलिराम शुक्लले प्रशिक्षण दिएको संस्थाकी सुस्मिताकुमारी चौधरीले जानकारी दिइन् ।

# युवाहरू परिवर्तनका शक्ति –सांसद यादव

प्रस, वीरगंज, १३ चैत/

सङ्घीय सांसद प्रदीप यादवले युवाहरू परिवर्तनका शक्ति भएको बताएका छन् ।



तस्वीर: प्रतीक

बौधीमाई पिपरा युवा क्लबको प्रथम वार्षिकोत्सव कार्यक्रममा बोल्दै सांसद यादवले देशमा भएका विभिन्न परिवर्तनमा युवाहरूको भूमिका सराहनीय रहेको बताए ।

क्लबका अध्यक्ष सन्दीप पटेलको सभापतित्वमा भएको कार्यक्रममा डा श्यामबाबूकुमार कुर्मी, जसपाका नेता राजेशमान सिंह, वडाध्यक्ष भरतप्रसाद कुर्मी, युवा समाज पिपराका अध्यक्ष अनिल पटेल, प्रेमबाबू पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सहजीकरण सोनु पटेलले गरेका थिए ।

# महानन्द उपाध्याय माविको भवन उद्घाटन

प्रस, वीरगंज, १३ चैत/

महानन्दप्रसाद उपाध्याय माध्यमिक विद्यालय, बगहीको उद्घाटन वीरगंजस्थित भारतका महावाणिज्य दूतावासका कन्सुल शैलेन्द्र कुमारले गरेका छन् । उद्घाटन कार्यक्रममा उनले विद्यालयलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।


तस्वीर: सौजन्य

एमालेका नेता शिव पटेलले मानवजीवनको प्रगतिको लागि मन्दिर, मस्जिदभन्दा विद्यालय बढी प्रभावकारी रहेको बताए ।

लोसपाका केन्द्रीय सदस्य अधिवक्ता सुरेन्द्र कुर्मीले १२ कक्षासम्म निश्शुल्क शिक्षाको व्यवस्था सरकारले गर्नुपर्ने बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार साहको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# सर्लाही घटनाको छानबीनको माग

प्रस, वीरगंज, १३ चैत/

समाजवादी युवा सङ्घ, पर्साले आइतवार सर्लाही जिल्लाको इशरपुरा नगरपालिकामा भएको घटनाको छानबीन गरी दोषीलाई कारबाईको माग गर्दै सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई ज्ञापनपत्र बुझाएको छ ।


तस्वीर: प्रतीक

जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य एवं दलका प्रमुख सचेतक प्रमोद साहलाई चैत १२ गते नेकपा एमालेका कार्यकर्ताहरूले साङ्घातिक आक्रमण गरेको भन्दै जिल्ला अध्यक्ष गौरव वर्माले ज्ञापनपत्रमा उल्लेख गरेका छन् ।

ज्ञापनपत्रमा एमालेका कार्यकर्ताहरूले गरेको आपराधिक क्रियाकलापको छानबीन गरी घाइते प्रतिनिधिसभा सदस्य प्रमोद साहको उचित उपचार गराउनुपर्ने माग गरिएको छ । दोषीलाई कारबाई नगरे सशक्त आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,